वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४५ अंक १२७ | २०८३ भदौ २२ गते सोमबार, नेपाल सम्वत् ११४६ September 07, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदै आएको भञ्ज्याङ
भञ्ज्याङ bhanjyangnews.com
निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी
सत्य, तथ्य, खोजमूलक समाचारको अग्रदूत
"विश्वसनीय समाचार, तपाईंको अधिकार"
हामीलाई यहाँ फलो गर्नुहोस्
वेबसाइट www.bhanjyangnews.com
फेसबुक पेज facebook.com/bhanjyangdaily
एक्स(ट्विटर) x.com/@bhanjyangdaily
युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9
टिकटक tiktok.com/@bhanjyang.daily.n
हामीलाई LIKE, FOLLOW गर्दै गर्नुहोला !
हामी तपाईलाई निष्पक्ष, सत्य, तथ्य, खोजमूलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।

# बूढीगण्डकी र थेराङ खोलाको बाढी : दुई पुल र दुई जलविद्युत् आयोजना बगाएपछि गोरखाको नाम्रुङ संकटमा

## मनास्लु पदमार्ग अवरूद्ध, लार्केपास जाने सयौं पर्यटक अलपत्र; चार घर पूर्ण क्षति

भञ्ज्याङ समाचारदाता/तनहुँ

उत्तरी गोरखाको चुमनुब्री गाउँपालिका-४ नाम्रुङमा बूढीगण्डकी र थेराङ खोलामा आएको भीषण बाढीले दुईवटा पुल र दुईवटा लघुजलविद्युत् आयोजना बगाएपछि स्थानीयवासी संकटमा परेका छन् । बाढीले मनास्लु पदमार्गसमेत अवरूद्ध बनाएपछि स्थानीयको आवतजावतसँगै यस क्षेत्रमा सुरु हुँदै गरेको शरदऋतुको पर्यटन गतिविधि प्रभावित भएको छ ।

राति करिब दुई बजेतिर पहिरोसहित आएको बाढीले थेराङ खोलामाथिको पुल बगाएको थियो । थेराङ खोलाको बाढीका कारण बूढीगण्डकीको बहावसमेत बढेपछि नाम्रुङभन्दा तल जङ्गल क्षेत्रमा रहेको अर्को पुल पनि बगेको स्थानीयले बताएका छन्। दुवै पुल बगेपछि नाम्रुङबाट माथिल्लो मनास्लु क्षेत्रतर्फ र तल्लो क्षेत्रमा आवतजावत गर्ने बाटो नै अवरुद्ध भएको छ ।

स्थानीय लाक्पा डुण्डुप लामाका अनुसार बाढीले गाउँलाई दुवैतर्फबाट सम्पर्कविहीन बनाएको छ । 'बाढी पहिरोले हामीलाई संकटमा पार्‍यो । गाउँबाट तल जाने पुल पनि लग्यो, माथि जाने पुल पनि बगायो । कतै जान पनि नमिल्ने भयो", उनले भने ।

बाढीले स्थानीयले प्रयोग गर्दै आएका दुईवटा लघुजलविद्युत् आयोजना पनि बगाएको छ। तीमध्ये करिब सात करोड रुपैयाँ लागतमा निर्माण सम्पन्न भएर परीक्षण प्रसारण सुरु भएको १०० किलोवाट क्षमताको आयोजना पनि बाढीले पूर्णरूपमा क्षति पुर्‍याएको लामाले बताए। अर्को पुरानो लघुजलविद्युत् आयोजना पनि बाढीले बगाएको छ ।

दुईवटै जलविद्युत् आयोजना क्षतिग्रस्त भएपछि नाम्रुङमा विद्युत् सेवा पूर्णरूपमा प्रभावित भएको छ। विद्युत् अभावमा बत्ती बाल्नेदेखि सञ्चार सेवा र विद्युत्बाट सञ्चालन हुने अन्य सेवासमेत प्रभावित भएका छन् । दुर्गम हिमाली क्षेत्रमा मोबाइल तथा अन्य सञ्चार सेवा सञ्चालनका लागि विद्युत् महत्वपूर्ण भएकाले विद्युत् आपूर्ति बन्द हुँदा स्थानीयको दैनिक जीवन थप कठिन बनेको छ ।



बाढीले चारवटा घरसमेत पूर्णरूपमा बगाएको जिल्ला प्रहरी कार्यालय गोरखाले जनाएको छ । बाढीबाट नुर्बु ओड्ग्याल, ओर्गेन छयोदेन, लाक्पा भुटी र मिङ्मार लामाका घरमा पूर्ण क्षति भएको प्रहरीले जनाएको छ। घरमा रहेका सामानसमेत जोगाउन नसकिएको स्थानीयले बताएका छन् ।

बाढी आएको समयमा गाउँ नै भूकम्प आएजसरी थर्कीएको स्थानीयको भनाइ छ। आवाज र कम्पनका कारण स्थानीय ब्युँझिएपछि बाढी आएको थाहा पाएर घरबाट बाहिर निस्किएका थिए। यसका कारण मानवीय क्षति हुनबाट जोगिएको बताइएको छ ।

'भूकम्प आएजस्तै गरी गाउँ थर्कायो। सबै ब्युँझिएछन् । बाढी आएको थाहा पाएपछि भागेर ज्यान जोगाएका रहेछन्', स्थानीय फुर्बु छिलेले भने, "नत्र सबैलाई बढारेर लैजान्थ्यो ।"

हालसम्म बाढीबाट कुनै मानवीय क्षति नभएको जिल्ला प्रशासन कार्यालय गोरखाले जनाएको छ । तर, भौतिक पूर्वाधारमा भएको क्षतिका कारण स्थानीयवासीको जनजीवन भने गम्भीर रूपमा प्रभावित भएको छ ।

बाढीबाट घरबारविहीन भएका चार परिवारलाई तत्काल राहत उपलब्ध गराउने तयारी गरिएको चुमनुब्री गाउँपालिका-४ का वडाध्यक्ष पेमा ग्याल्बो लामाले बताए। उनका अनुसार तत्काल खाद्यान्न र लत्ताकपडाका लागि प्रतिपरिवार २० हजार रूपैयाँका दरले राहत उपलब्ध गराइनेछ। गाउँपालिकाले केही दिनभित्रै प्रतिपरिवार एक लाख रूपैयाँ बराबरको राहत उपलब्ध गराउने तयारीसमेत गरेको उनले जानकारी दिए ।

"घरको केही पनि जोगिएन । त्यसैले तत्काल आजै खाद्यान्न र लुगाकपडाका लागि २० हजार रूपैयाँका दरले राहत दिन्छौं", वडाध्यक्ष लामाले भने, "केही दिनमा गाउँपालिकाको तर्फबाट एक लाख रूपैयाँ बराबरको राहत दिनेछौं ।"

बाढीले मनास्लु पदमार्गमा रहेका पुलसमेत बगाएपछि पदयात्रा र हिमाल आरोहणको मौसमको सुरुवातमै पर्यटन क्षेत्र प्रभावित भएको छ। बूढीगण्डकीको पुल नहुँदा लार्केपासका लागि यात्रामा रहेका सयौं पर्यटक बाटोमै रोकिएका छन्।

मनास्लु क्षेत्रमा शरदऋतुमा ठूलो संख्यामा विदेशी पर्यटक तथा आरोही आउने तयारी भइरहेका बेला पदमार्ग अवरुद्ध भएपछि त्यसको प्रत्यक्ष असर पर्यटनमा पर्ने देखिएको छ । पर्यटन विभागका अनुसार यस वर्षको शरदऋतुका लागि मनास्लु हिमाल आरोहण गर्न मात्रै २९ टोलीका ३४८ आरोहीले अनुमति लिएका छन् । विभागबाट अहिलेसम्म विभिन्न हिमाल आरोहणका लागि ३२ टोलीका ३६७ आरोहीले अनुमति लिएका छन् ।

यसैबीच, जिल्ला प्रशासन कार्यालय गोरखाले अर्को सूचना जारी नभएसम्मका लागि मनास्लु पदमार्ग र लार्केपास यात्रामा रोक लगाएको छ। सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माका अनुसार बाढीले दुई पुल बगाएपछि पदमार्ग सुरक्षित

बाँकी तेस्रो पेजमा

# विपद् घटाउन जलाधार संरक्षणमा दीर्घकालीन लगानी

## उद्धार र राहतभन्दा जोखिमअघि पूर्वतयारीमा जोड, छ जिल्ला हेर्ने कार्यालयमा ६ दरबन्दी रिक्त

भञ्ज्याङ समाचारदाता/दमौली

भोटेकोशीसहित देशका विभिन्न क्षेत्रमा पछिल्लो समय भएका बाढीपहिरोले ठूलो जनधनको क्षति पुर्‍याएपछि विपद् न्यूनीकरणका लागि जलाधार तथा भू-संरक्षणमा दीर्घकालीन लगानी गर्नुपर्ने आवश्यकता औँल्याइएको छ। विपद् आएपछि उद्धार र राहतमा मात्र स्रोत परिचालन गर्नुको सट्टा जोखिमयुक्त क्षेत्रको पहिचान गरी विपद् आउनुअघि नै संरक्षण, पूर्वतयारी र जोखिम न्यूनीकरणका कामलाई प्राथमिकता दिनुपर्ने विज्ञहरूको भनाइ छ ।

गण्डकी प्रदेश सरकारअन्तर्गत दमौलीमा रहेको भू तथा जलाधार व्यवस्थापन कार्यालयले बाढी, पहिरो र भूक्षयको जोखिम न्यूनीकरणसँगै जलाधार संरक्षणका विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ। कार्यालयको कार्यक्षेत्र मनाङ, लमजुङ, गोरखा, तनहुँ, कास्की र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) गरी छ जिल्लासम्म फैलिएको छ।



तर, ठूलो भौगोलिक क्षेत्रको जलाधार संरक्षण तथा जोखिम न्यूनीकरणको जिम्मेवारी पाएको कार्यालयमा आवश्यक जनशक्तिको अभाव छ । कार्यालयको अनुसार स्वीकृत १७ जनाको दरबन्दीमध्ये ६ पद रिक्त छन् । सीमित जनशक्ति र स्रोतसाधनका बीच कार्यालयले जोखिमयुक्त क्षेत्रमा पहिरो नियन्त्रण, खोला किनार तथा बस्ती संरक्षण, पोखरी निर्माण र पानीका मुहान संरक्षणका कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

कार्यालयका वरिष्ठ जलाधार व्यवस्थापन अधिकृत दिवाकर पौडेलका अनुसार विपद् भएपछि गरिने उद्धार र राहतभन्दा विपद् आउनुअघि गरिने संरक्षणका काम बढी प्रभावकारी हुन्छन् ।

'विपद् आएपछि मात्र बजेट खोज्नेभन्दा सडक तथा अन्य पूर्वाधार निर्माणको चरणदेखि नै भू तथा जलाधार संरक्षणलाई विकासको अभिन्न अङ्ग बनाउनुपर्छ', पौडेलले भने, "जलाधारको संरक्षण गर्न सके बाढी, पहिरो र भूक्षयको जोखिम घटाउन सकिन्छ।"

पछिल्ला वर्षमा सडक, भवनलगायत पूर्वाधार निर्माणका

बाँकी अन्तिम पेजमा

# नारायणगढ-मुग्लिन सडक १० घण्टा आंशिक बन्द हुने

भञ्ज्याङ समाचारदाता/दमौली

नारायणगढ-मुग्लिन सडकखण्ड अन्तर्गत तुइन खोला क्षेत्रमा आज भदौ २२ गतेदेखि दैनिक १० घण्टा सवारी साधनको आवागमन आंशिक रूपमा रोकिने भएको छ । तुइन खोला परियोजनाअन्तर्गत माटो कटानको काम अघि बढाउन सवारी साधनको आवागमन निश्चित समयका लागि रोक्न लागिएको चितवनका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले जारी गरेको सूचनामा उल्लेख छ ।

प्रशासनका अनुसार बिहान ६ बजेदेखि ८ बजेसम्म, बिहान ८:३० बजेदेखि १०:३० बजेसम्म, बिहान ११ बजेदेखि दिउँसो १ बजेसम्म, दिउँसो १:३० बजेदेखि ३:३० बजेसम्म र अपराह्न ४ बजेदेखि साँझ ६ बजेसम्म सडक बन्द रहनेछ ।

यसैगरी, बिहान ८ बजेदेखि ८:३० बजेसम्म, बिहान १०:३० बजेदेखि ११ बजेसम्म, दिउँसो १ बजेदेखि १:३० बजेसम्म, दिउँसो ३:३० बजेदेखि ४ बजेसम्म र साँझ ६ बजेपछि सडकमा सवारी आवागमन खुला रहनेछ। हाल मुग्लिन-काठमाडौं सडकखण्डको कृष्णभीरमा सडक मर्मतको काम भइरहेकाले नयाँ ट्र्याक खोलेर आवागमन सहज बनाउन केही समय लाग्ने भएको छ। सोही कारण नारायणगढ-मुग्लिन सडकमा समेत सवारी साधनको चाप कम रहेकाले यही समयको सदुपयोग गर्दै तुइन खोलामा माटो कटानको काम अघि बढाउन लागिएको प्रशासनले जनाएको छ।

प्रमुख जिल्ला अधिकारी अर्यालले कार्यतालिकालाई ध्यानमा राखेर मात्रै यात्रा तथा सवारी सञ्चालनको योजना बनाउन यात्रु र चालकलाई अनुरोध गरेका छन्।

## सम्पादकीय ............

www.bhanjyangnews.com

# गाउँ फेरि गुल्जार बनाऔं

नेपाली समाजको आफ्नै जीवनशैली बोकेका महिनाहरू छन् । असार, साउन, भदौ महिना वर्षा सुरू भएसँगै खेतबारीमा किसानको चहलपहल बढ्थ्यो । रोपाइँ, गोडमेल, घाँसदाउरा, गोठको काम र गाउँघरका सामूहिक गतिविधिले बस्ती जीवन्त हुन्थ्यो । घरका आँगनमा मकैका घोगा सुकाइएका हुन्थे । गोठमा गाईभैंसी हुन्थे । खेतमा धानका बाला झुल्थे । चाडपर्व आउँदा गाउँमा छुट्टै रौनक हुन्थ्यो। तर आज ती दृश्य क्रमशः हराउँदै छन् । खेतबारी बाँझिन थालेका छन्। उत्पादनशील जमिन झाडीले ढाकिँदै छ । कतिपय गाउँमा घर छन्, तर घरमा बस्ने मानिस छैनन् । कतिपय बस्तीमा वृद्धवृद्धा र बालबालिका मात्र भेटिन्छन्। गाउँको यो अवस्था केवल जनसंख्या घटेको विषय होइन, हाम्रो सामाजिक, आर्थिक र सांस्कृतिक भविष्यसँग जोडिएको गम्भीर प्रश्न हो । गाउँ रित्तिनुको मुख्य कारण युवा पलायन हो। रोजगारीको खोजीमा युवाहरु विदेश जान बाध्य छन् । रोजगारी मात्र होइन, राम्रो शिक्षा, स्वास्थ्य, यातायात र अन्य आधारभूत सुविधाका लागि पनि गाउँबाट शहरतर्फ बसाइँसराइ बढेको छ । गाउँमा अवसर नदेखेपछि युवा बाहिरिनु स्वाभाविक पनि हो । तर एउटा पुस्ता निरन्तर बाहिरिँदै जाँदा त्यसको असर गाउँको अर्थतन्त्रदेखि संस्कृति र सामाजिक सम्बन्धसम्म परेको छ ।

हामीले युवालाई विदेश जान रोक्नुपर्छ भनेर मात्र समस्या समाधान हुँदैन। प्रश्न के हो भने, युवाले विदेश जानुपर्ने बाध्यता किन सिर्जना भइरहेको छ ? गाउँमै सम्मानपूर्वक बाँच्न, काम गर्न र भविष्य बनाउन सक्ने वातावरण हामीले बनाउन सकेका छौं कि छैनौं ? यसको जवाफ खोज्न अब ढिला गर्नु हुँदैन । गाउँको अर्थतन्त्र बलियो बनाउन कृषि पहिलो आधार बन्न सक्छ । तर परम्परागत कृषि प्रणालीबाट मात्र युवालाई आकर्षित गर्न सकिँदैन । कृषि व्यवसायलाई प्रविधि, बजार र उचित मूल्यसँग जोड्नुपर्छ । उत्पादनको सुनिश्चित बजार, सिँचाइ, कृषि सामग्री, भण्डारण र प्रशोधनको व्यवस्था गर्न सके कृषि रोजगारीको बलियो आधार बन्न सक्छ । त्यसैगरी पशुपालन, घरेलु उद्योग, पर्यटन, जडीबुटी तथा अन्य स्थानीय उत्पादनलाई व्यावसायिक बनाउन आवश्यक छ । गाउँको विकास भनेको केवल सडक र भवन निर्माण गर्नु होइन । गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा गाउँमै पुग्नु उत्तिकै आवश्यक छ । रोजगारीका अवसर नहुँदा सडक बनेर मात्र गाउँमा मानिस अडिँदैनन् । विद्यालय राम्रो भएन भने परिवार शहर जान्छ। स्वास्थ्य उपचारका लागि टाढा जानुपर्‍यो भने पनि गाउँ बस्न कठिन हुन्छ। त्यसैले गाउँ विकासको योजना बनाउँदा शिक्षा, स्वास्थ्य, रोजगारी, उत्पादन र बजारलाई एउटै दृष्टिले हेर्नुपर्छ ।

गाउँ रित्तिँदा अर्को ठूलो क्षति हाम्रो मौलिक संस्कृतिमा भइरहेको छ । हिजो सामूहिक रूपमा मनाइने चाडपर्व आज विस्तारै देखावटी र उपभोगमुखी बन्दै गएका छन् । गाउँमा युवा र नयाँ पुस्ताको उपस्थिति घट्दै जाँदा संस्कृति हस्तान्तरणको प्रक्रिया कमजोर भएको छ । तीज, दशैं, तिहार, माघेसंक्रान्ति जस्ता पर्व केवल क्यालेन्डरका मिति होइनन्, यी हाम्रो सामाजिक पहिचान र पुस्तौंदेखिको जीवनपद्धतिका आधार हुन्। त्यसैले संस्कृतिको संरक्षणलाई आर्थिक र सामाजिक पुनर्जागरणसँग जोड्नुपर्छ । यसका लागि स्थानीय सरकारको भूमिका सबैभन्दा महत्वपूर्ण हुन्छ । स्थानीय सरकारलाई नागरिकको 'घरदैलोको सरकार' भनिन्छ। त्यसैले गाउँको वास्तविक समस्या पहिचान गर्ने र समाधानको योजना बनाउने जिम्मेवारी पनि स्थानीय सरकारकै हो। बजेट सडक र भवनमा मात्र सीमित गर्नु हुँदैन। उत्पादन बढाउने, रोजगारी सिर्जना गर्ने, युवालाई उद्यमी बनाउने, कृषि र पर्यटन प्रवर्द्धन गर्ने तथा शिक्षा र स्वास्थ्य सुधार्ने कार्यक्रममा लगानी बढाउनुपर्छ। संघ, प्रदेश र स्थानीय सरकारबीच समन्वय पनि उत्तिकै आवश्यक छ। एउटै गाउँमा तीन तहका सरकारले फरक–फरक योजना सञ्चालन गर्ने तर दीर्घकालीन परिणाम नदेखिने अवस्था अन्त्य हुनुपर्छ। जोखिममा रहेका बस्ती पहिचान गरेर विशेष कार्यक्रम ल्याउने, बाँझो जमिन उपयोगमा ल्याउने र विदेशबाट फर्किएका युवाको सीप तथा पूँजीलाई उत्पादनसँग जोड्ने नीति आवश्यक छ ।

हामी प्राकृतिक स्रोतसाधनले धनी छौं । समस्या स्रोतको अभाव होइन, त्यसको उचित उपयोग र व्यवस्थापनको हो। देशको युवा शक्ति विदेशमा पसिना बगाइरहेको छ भने आफ्नै गाउँको खेत बाँझो रहनु विडम्बना हो। विदेशबाट आएको पैसाले घर चलाउन सकिएला, तर त्यसले मात्र देशको दिगो अर्थतन्त्र निर्माण हुँदैन । उत्पादन बढाउन र रोजगारी सिर्जना गर्न स्वदेशमै लगानी बढाउनुपर्छ। गाउँ बचे मात्र संस्कृति बच्नेछ । गाउँमा उत्पादन बढे मात्र अर्थतन्त्र बलियो हुनेछ। गाउँमा रोजगारी सिर्जना भए मात्र युवा फर्कनेछन् । त्यसैले अबको विकासको बहस शहरलाई अझ ठूलो बनाउनेमा मात्र सीमित हुनु हुँदैन, गाउँलाई फेरि बस्नलायक र उत्पादनशील बनाउनेतर्फ केन्द्रित हुनुपर्छ । हामी गरिब जन्मिएका हुन सक्छौं, तर गरिबी हाम्रो नियति होइन। इच्छाशक्ति, सही नीति र इमानदार कार्यान्वयनबाट अवस्था बदल्न सकिन्छ। तीजमा गाउँका आँगन फेरि भरिभराउ होऊन्, खेतमा युवाका हात चलून्, गाउँका विद्यालयमा विद्यार्थीको चहलपहल बढोस् र गाउँमै भविष्य देख्ने पुस्ता तयार होस् । गाउँ उज्यालो भयो भने मात्र शहर उज्यालो हुन्छ। त्यसैले अबको संकल्प एउटै हुनुपर्छ—गाउँलाई फेरि गुल्जार बनाऔं ।

# मानव सभ्यतादेखि शक्ति निर्माणसम्म

♦ डीबी नेपाली 'दमू'

नेपालका रैथाने शिल्पी समुदायको इतिहास केवल उत्पीडनको कथा होइन। यो श्रम, सीप, सिर्जना, ज्ञान र सभ्यता निर्माणको कथा पनि हो । पुस्तौंदेखि धातु, माटो, काठ, छाला, कपडा र अन्य प्राकृतिक सामग्रीसँग काम गर्दै आएका शिल्पीहरूले नेपाली समाजको भौतिक तथा सांस्कृतिक जीवनलाई आकार दिएका छन् । उनीहरूले औजार, बाजा, गहना, भाँडाकुँडा, कृषि उपकरण, निर्माण सामग्री र अनेक शिल्प–हस्तकलाका वस्तु बनाए।

विडम्बना के रह्यो भने समाजले उनीहरूको श्रम प्रयोग गर्‍यो, सीपबाट लाभ लियो । तर, उनीहरूलाई समान सम्मान, अवसर र निर्णयकारी शक्ति दिएन । यही ऐतिहासिक विरोधाभास आज पनि रैथाने शिल्पी तथा दलित समुदायको प्रश्नको केन्द्रमा छ ।

नेपाल लोकतन्त्र, गणतन्त्र, संघीयता र समावेशिताको लामो राजनीतिक यात्राबाट गुज्रिएको छ । यी समुदायले सामाजिक आन्दोलनदेखि राजनीतिक संघर्षसम्म निरन्तर योगदान दिएका छन्।



अधिकारका लागि आवाज उठेको छ । आन्दोलन भएका छन् । राजनीतिक सहभागिता बढेको छ । संवैधानिक अधिकार पनि स्थापित भएका छन् ।

तर, प्रतिनिधित्व र वास्तविक शक्ति एउटै कुरा होइन । कुनै समुदायका मानिस संसद्, सरकार वा पार्टीको उच्च पदमा पुग्दैमा समुदायको सामूहिक जीवन स्वतः बदलिँदैन । प्रश्न प्रतिनिधि कति छन् भन्ने मात्र होइन । उनीहरूले नीति, बजेट, संस्था र निर्णयको दिशा कति बदल्न सके भन्ने पनि हो ।

### अधिकार र शक्तिबिचको सन्तुलन

संविधानले दलित समुदायका लागि समानुपातिक समावेशी सहभागिता, शिक्षा, रोजगारी, परम्परागत पेसासँग सम्बन्धित अधिकार सुनिश्चित गरेको छ । आधुनिक व्यावसायमा प्राथमिकता, सीप तथा स्रोतमा पहुँच, भूमिहीन र आवासविहीनका लागि विशेष व्यवस्था लगायत महत्त्वपूर्ण अधिकार सुनिश्चित गरेको छ ।

तर, संवैधानिक अधिकार र त्यसको वास्तविक उपयोगबिच अझै ठूलो खाडल छ। अधिकार लेखिनु र अधिकारले जीवन बदल्नु फरक विषय हुन् । सवाल केही नहुनु भन्दा थोरै हुनु राम्रो तर के त्यसले सिङ्गो समुदायमै प्रभाव पार्न सकेको हुन्छ भन्ने हो । समावेशिता संख्या पुग्नुमा मात्र सीमित भयो भने त्यो प्रतिनिधित्वको औपचारिकता बन्न सक्छ ।

प्रतिनिधित्वले निर्णयको दिशा बदल्नुपर्छ। बजेटको प्राथमिकता, अवसरको वितरण र संस्थागत व्यवहार बदलिनुपर्छ । त्यसैले अब बहस 'हामी कति छौं?' बाट 'हामी कति संगठित छौं, हाम्रो साझा एजेन्डा के हो र त्यसलाई लागू गराउने राजनीतिक क्षमता कति छ ?' भन्नेतर्फ जानुपर्छ ।

### संख्या मात्र शक्ति होइन

जनगणनामा उल्लेख्य संख्या हुनु राजनीतिक सम्भावना हो । तर, संख्या आफैंमा शक्ति होइन । संगठित संख्या मात्र शक्ति बन्छ । साझा एजेन्डा, बलियो संगठन र निरन्तर राजनीतिक संवादबिना ठूलो जनसंख्या पनि कमजोर हुन सक्छ। उल्टो, संख्या कम भएको समूहले स्पष्ट एजेन्डा र संस्थागत क्षमता निर्माण गरेमा नीति निर्माणमा ठूलो प्रभाव पार्न सक्छ ।

त्यसैले रैथाने शिल्पी समुदायको राजनीतिक शक्तिको आधार मतदाता संख्या मात्र हुनु हुँदैन । तथ्य, संगठन, ज्ञान र रणनीति पनि शक्ति हुन् । कति परिवार कुन पेसामा छन् ? कुन सीप हराउँदै छन् ? युवाहरु किन परम्परागत पेसाबाट बाहिरिँदै छन् ? कुन शिल्पको बजार सम्भावना छ ? राज्यले कति बजेट खर्च गरेको छ ? त्यसको परिणाम के भयो ? कति शिल्पी उद्यमी बने ? कति सीप नयाँ पुस्तामा हस्तान्तरण भयो ? यस्ता प्रश्नको तथ्यपूर्ण उत्तरबिना सामुदायिक राजनीति अनुमानमा चल्छ ।

रैथाने शिल्पी समुदाय एकरूप छैन । यसभित्र विभिन्न जाति, पेसा, भाषा, संस्कृति, भूगोल र ऐतिहासिक अनुभव छन्। कामी, लोहार, गन्धर्व, दमाई, सार्की, सुनार, बादी, चर्मशिल्पी, राम, चमार, मुसहर, डोम, खटिक, तत्मा, दास तथा अन्य समुदायका समस्या आंशिक रूपमा फरक हुन सक्छन् । तर शिक्षा, रोजगारी, सीपको स्वामित्व, उद्यम, सामाजिक सम्मान, राजनीतिक प्रतिनिधित्व, न्याय र सांस्कृतिक अधिकार उनीहरूका साझा प्रश्न हुन् ।

एकताको अर्थ फरक पहिचान मेटाउनु होइन । साझा हितका आधारमा विविध पहिचानलाई जोड्नु हो । यही मिलनबिन्दु निर्णायक हुन्छ । यदि विविधता साझा राजनीतिक एजेन्डामा रूपान्तरण हुन सक्यो भने त्यो शक्ति बन्छ । साझा दृष्टिकोण बन्न सकेन भने त्यही विविधता विभाजनको आधार बन्न सक्छ ।

### साझा पहिचानको आधार

सामुदायिक शक्ति केवल संगठनको संरचनाबाट बन्दैन । यसको गहिरो आधार साझा इतिहास, स्मृति, भूगोल, भाषा, संस्कृति, जीवनपद्धति, वेशभूषा, खानपान, पर्व, गीत, नृत्यकला र शिल्पमा हुन्छ । यी तत्वले 'हामी को हौं, के हौं ? र, को थियौं ?' भन्ने प्रश्नको सामूहिक उत्तर दिन्छन् । रैथाने शिल्पी समुदायको सन्दर्भमा यो आधार अझ गहिरो छ । उनीहरूसँग सामाजिक पहिचान मात्र छैन । शिल्पमा अभिव्यक्त सभ्यतागत योगदान पनि मुख्य छ ।

धातु, माटो, काठ, छाला, कपडा, वाद्ययन्त्र र कृषि औजार निर्माणका विविध रूपले नेपाली समाजको भौतिक जीवन निर्माण गरेका छन् । उनीहरूको सीप केवल परम्परागत पेसा मात्र थिएन । त्यो हजारौं वर्ष र पुस्तौंको आनुवंशिक ज्ञान प्रणली थियो । त्यो स्थानीय सभ्यताको अनुभव थियो । त्यसैले शिल्पलाई गरिबीको चिन्हका रूपमा होइन, ज्ञान र सिर्जनाको स्रोतका रूपमा पुनःस्थापित गर्नुपर्छ ।

लामो जातीय अपमानले मानिसलाई आफ्नो वास्तविक पहिचानप्रति नै हीन भावना राख्न बाध्य बनाउन सक्छ । कहिलेकाहीँ आफ्नो थर, पेसा, भाषा वा संस्कार छाडेर सामाजिक रूपमा 'उच्च' मानिएको पहिचानसँग जोडिन खोज्ने प्रवृत्ति देखिन सक्छ । निरन्तर अपमान भोगेको व्यक्तिको यस्तो निर्णयलाई केवल दोष दिन मिल्दैन । यो सम्मान र स्वतन्त्रताको प्रश्न पनि हो ।

तर, सामूहिक समानताको बाटो आफ्नो मूल पहिचानलाई अर्को कथित उच्च पहिचानमा बदल्नु होइन । जातीय उच्चता र हीनताको सम्पूर्ण संरचनालाई अस्वीकार गर्नु हो । वास्तविक मुक्ति भनेको 'म पनि तिमी जस्तै उच्च जातको हुँ' भन्नु मात्र होइन । 'मानिसलाई जन्मका आधारमा उच्च वा निम्न बनाउने कुनै मापदण्ड स्वीकार्य छैन' भन्न सक्नु हो ।

रैथाने शिल्पी समुदायका लागि आˆ नै थर, भाषा, शिल्प, संस्कृति र इतिहासलाई हीनताको प्रतीक होइन । ज्ञानको स्रोतका रूपमा पुनर्व्याख्या गर्नु आवश्यक छ । आˆ नो पहिचानमा गौरव गर्नु अरूलाई तुच्छ ठान्नु होइन । साँचो सामुदायिक स्वाभिमानले आफूलाई न उच्च ठान्छ, न निम्न । कुनै थर वा पेसागत नाम केवल पारिवारिक परिचय नहुन सक्छ । त्यसमा

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

**मेष**
पारिवारिक सहयोगले मनोबल उच्च रहनेछ। खर्चमा संयम अपनाउनु उचित हुनेछ।

**वृष**
व्यापार तथा पेशामा सकारात्मक उपलब्धि मिल्न सक्छ। साथीभाइसँगको भेटघाट सुखद रहनेछ।

**मिथुन**
अध्ययन तथा सञ्चारसँग सम्बन्धित व्यक्तिका लागि दिन फलदायी रहनेछ। विवादमा नपर्नु बेस हुनेछ।

**कर्कट**
घरपरिवारसँग समय बिताउने अवसर मिल्नेछ। भावनामा बगेर निर्णय नगर्नु उचित हुनेछ।

**सिंह**
आफन्तसँगको सम्बन्ध थप सुदृढ बन्नेछ। अनावश्यक अहंकारबाट भने टाढा रहनु राम्रो हुनेछ।

**कन्य**
आर्थिक व्यवस्थापनमा सफलता मिल्नेछ। नयाँ योजना अघि बढाउन सकिने समय छ।

**तुला**
प्रेम सम्बन्धमा मधुरता आउनेछ। व्यावसायिक विषयमा सावधानी अपनाउनु उपयुक्त हुनेछ।

**वृश्चिक**
गोपनीय विषयमा सावधानी अपनाउनु राम्रो हुनेछ। संयमित व्यवहारले सम्बन्ध अझ सुदृढ बन्नेछ।

**धनु**
अध्ययन तथा प्रतिस्पर्धात्मक क्षेत्रमा राम्रो नतिजा आउने संकेत छ। यात्रा गर्दा सतर्कता अपनाउनुहोस्।

**मकर**
व्यवसायिक क्षेत्रमा प्रगति हुने सम्भावना छ। वरिष्ठ व्यक्तिबाट प्रशंसा र सहयोग मिल्न सक्छ।

**कुम्भ**
लामो समयदेखि रोकिएका काम अघि बढ्ने सम्भावना छ। धार्मिक तथा आध्यात्मिक गतिविधिमा रूचि बढ्नेछ।

**मीन**
स्वास्थ्यमा सामान्य कमजोरी देखिन सक्छ, आरामलाई प्राथमिकता दिनुहोस्। भाग्यले साथ दिने दिन छ।

# मानव सभ्यतादेखि शक्ति ......

सीप, औजार, प्रविधि, सामाजिक भूमिका र सामुदायिक स्मृति जोडिएको हुन सक्छ । कसले कुन सीप जान्थ्यो? कुन औजार बनाउँथ्यो ? कुन सामग्री प्रयोग गर्थ्यो ? कुन संस्कारमा कुन भूमिका निर्वाह गर्थ्यो ? यस्ता प्रश्नले इतिहासका नयाँ ढोका खोल्छन् ।

त्यसैले सबै रैथाने शिल्पी समुदायलाई एउटै वंश वा एउटै आनुवंशिक मूलबाट आएको निष्कर्ष निकाल्नु उचित हुँदैन । उनीहरूको इतिहास बहुआयामिक छ । ऐतिहासिक, भाषिक, मानवशास्त्रीय र आनुवंशिक अध्ययन आवश्यक छन् । मौखिक परम्परालाई अन्धविश्वास भन्दै खारेज गर्नु पनि उचित छैन । त्यसैगरी हरेक परम्परालाई आलोचनाविहीन सत्य मान्नु पनि ठीक होइन । वैज्ञानिक अध्ययन र सांस्कृतिक सम्मानबिच सन्तुलन आवश्यक छ ।

**संस्कृति संरक्षण र पुनर्जीवन**

परम्परागत शिल्पको संरक्षण भनेको पुराना वस्तु संग्रहालयमा राख्नु मात्र होइन । कुनै जीवित शिल्पलाई काँचभित्र बन्द गरेर बचाउन सकिँदैन । त्यसका शिल्पीको जीवन, सीप र बजार पनि बचाउनुपर्छ । त्यसैले संरक्षणको अर्थ पुनर्जीवन हुनुपर्छ। हराउँदै गएका शिल्पको अभिलेखीकरण आवश्यक छ । गुरू-शिल्पीको ज्ञान र प्रविधि दस्तावेजीकरण गर्नुपर्छ । मौखिक इतिहास संकलन गर्नुपर्छ । डिजाइन, सामग्री, उत्पादन विधि र सामाजिक प्रयोगको अभिलेख राख्नुपर्छ ।

सामुदायिक संग्रहालय, शिल्प अभिलेखालय, मौखिक इतिहास परियोजना, शिल्प विद्यालय, अनुसन्धान केन्द्र र डिजिटल ज्ञानकोष यसका महत्त्वपूर्ण माध्यम हुन सक्छन् । तर, अभिलेख पर्याप्त छैन । परम्परागत ज्ञानलाई आधुनिक डिजाइन, प्रविधि, उद्यम, पर्यटन र डिजिटल बजारसँग जोड्नुपर्छ । स्थानीय सीपलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउनुपर्छ । यसरी मात्र संरक्षण आर्थिक जीवनसँग जोडिन्छ ।

रैथाने शिल्पीको प्रश्नलाई केवल सामाजिक न्यायको प्रश्न बनाइरहँदा एउटा ठूलो सम्भावना छुट्न सक्छ । उनीहरूको सीप आफैँ आर्थिक शक्ति बन्न सक्छ। परम्परागत शिल्पलाई आधुनिक उत्पादन प्रणालीसँग जोड्न सकिन्छ । डिजाइन सुधार गर्दै नयाँ उत्पादन विकास गर्न सकिन्छ। ब्रान्ड निर्माण गरी पर्यटनसँग जोड्न सकिन्छ । डिजिटल बजारको प्रयोगबाट स्थानीय सीपलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउन सकिन्छ ।

यसका लागि शिल्पीलाई केवल मजदुरको भूमिकामा राख्नु हुँदैन। उत्पादकबाट उद्यमी बनाउने वातावरण आवश्यक छ । उत्पादनको स्वामित्व शिल्पीकै हातमा हुनुपर्छ । मूल्य निर्धारणमा उसको भूमिका हुनुपर्छ । बजारसम्म प्रत्यक्ष पहुँच हुनुपर्छ । बिचौलियामाथिको निर्भरता घटाउनुपर्छ । नयाँ पुस्ताले आ´ना पुर्खाको सीपलाई गरिबीको परिचय होइन । सम्भावनाको व्यवसायका रूपमा देख्न सक्ने वातावरण बनाउनुपर्छ ।

कुनै समुदाय राजनीतिक रूपमा बलियो हुन आफ्नो तथ्य आफैँ उत्पादन गर्नुपर्छ । कति परिवार कुन पेसामा छन् ? कुन सीप लोप हुँदैछ? युवाको अवस्था कस्तो छ ? कुन शिल्पको बजार छ ? राज्यले कति लगानी गरेको छ ? त्यसबाट कस्तो परिणाम आएको छ ? यस्ता प्रश्नको उत्तर आ´नै अनुसन्धानबाट निकाल्न सकिएन भने समुदायको नीति अरूले परिभाषित गरिदिन्छन् ।

त्यसैले विश्वविद्यालयका अनुसन्धानकर्ता, कानुनविद्, अर्थशास्त्री, समाजशास्त्री, इतिहासकार, पत्रकार, प्राविधिक, व्यवस्थापक, उद्यमी र समुदायका ज्ञानधारीलाई एउटै ज्ञान सञ्जालमा जोड्नुपर्छ । अरूले हाम्रो समस्या परिभाषित गरिदिने होइन । हामीले समस्या पहिचान, मापन र समाधानको प्रस्ताव आफैँ गर्न सक्नुपर्छ । ज्ञान उत्पादन पनि राजनीतिक शक्ति हो ।

**राज्यको दायित्व**

सामुदायिक जिम्मेवारी बढ्दैमा राज्यको दायित्व समाप्त हुँदैन । जातीय विभेद कानुनले निषेध गरेको दशकौँ भए पनि व्यवहारमा संरचनागत असमानता कायम छन्। त्यसैले राज्यले कानुन कार्यान्वयन, न्यायमा पहुँच, शिक्षा, भूमि, आवास, रोजगारी, सीप, सामाजिक सुरक्षा र आर्थिक अवसरलाई एकीकृत दृष्टिले हेर्नुपर्छ । रैथाने शिल्प-हस्तकला र सांस्कृतिक सम्पदालाई संरक्षणयोग्य अवशेष मात्र ठान्नु हुँदैन । ती जीवित राष्ट्रिय सम्पदा र आर्थिक-सांस्कृतिक स्रोत हुन् । नीति निर्माणमा शिल्पीहरूलाई लाभग्राही मात्र होइन, ज्ञानधारी र साझेदारका रूपमा राखिनुपर्छ ।

अब राजनीतिक दलसँगको सम्बन्ध पनि बदल्न आवश्यक छ । चुनावअघि आश्वासन र चुनावपछि विस्मरणको चक्र तोडिनुपर्छ । प्रत्येक दलसँग समुदायको साझा राष्ट्रिय एजेन्डा राख्नुपर्छ । त्यसमा समयसीमा, बजेट, जिम्मेवार निकाय र उपलब्धिको मापनसमेत स्पष्ट हुनुपर्छ । समुदायले दललाई समर्थन गर्ने वा नगर्ने प्रश्नभन्दा पहिले दलले समुदायका नीति कति स्वीकार गर्छ भन्ने प्रश्न उठ्नुपर्छ ।

यसले सामुदायिक राजनीतिलाई प्रतिक्रियात्मक अवस्थाबाट वार्ताको शक्तिमा पुऱ्याउँछ । राजनीतिक शक्ति सधैँ आफ्नै दल वा आफ्नै उम्मेदवार हुनु होइन । कहिलेकाहीँ आफ्नो माग पूरा नगरेसम्म कुनै पनि राजनीतिक शक्तिका लागि चुनावी जित कठिन बनाउनुपर्छ । त्यस्तो अवस्था सिर्जना गर्नु पनि लोकतान्त्रिक सौदाबाजीको शक्ति हो ।

रैथाने शिल्पी समुदायको सार्वजनिक भाषा पनि बदलिनुपर्छ। पीडा र उत्पीडनको इतिहास लुकाउनु हुँदैन । तर, कथा त्यहीँ रोकिनु हुँदैन । योगदानको इतिहास पनि भन्नुपर्छ । उत्पादन, स्वामित्व, नेतृत्व, उद्यम र ज्ञानको भाषा निर्माण गर्नुपर्छ। 'हामी पछाडि पारिएका छौँ' भन्ने सत्यसँगै 'हामीसँग के छ ?' भन्ने प्रश्न पनि उठ्नुपर्छ । श्रम, सीप, ज्ञान, संस्कृति र मौलिक आफ्नै इतिहास छ । ठूलो जनसंख्या र लामो राजनीतिक अनुभव छ । अब यी सबैलाई एउटै राजनीतिक सूत्रमा बाँध्नुपर्छ ।

**संस्थागत पुनर्निर्माणको आवश्यकता**

दीर्घकालीन परिवर्तनका लागि संगठनको संख्या बढाउनु मात्र पर्याप्त हुँदैन । संस्थाको गुणस्तर पनि महत्त्वपूर्ण हुन्छ । धेरै संस्था बनेर पनि साझा निर्णय प्रणाली कमजोर रह्यो भने शक्ति टुक्रिन सक्छ । त्यसैले स्थानीय तहदेखि राष्ट्रिय तहसम्म स्पष्ट जिम्मेवारी, पारदर्शी नेतृत्व, नियमित अधिवेशन जरूरी छ ।

सदस्य अभिलेख, आर्थिक लेखापरीक्षण र सार्वजनिक प्रतिवेदनको संस्कृति विकास गर्नुपर्छ। सामुदायिक संस्थाले केवल कार्यक्रम आयोजना गर्ने होइन । नीति निर्माणमा प्रमाण प्रस्तुत गर्ने क्षमता विकास गर्नुपर्छ । हरेक संस्थाले आफ्नो क्षेत्रका समस्या र सम्भावनाको वार्षिक तथ्यपत्र तयार गर्न सक्छ ।

स्थानीय सरकारसँग भएका सम्झौताको कार्यान्वयन हेर्न सक्छ। बजेटको सामाजिक लेखापरीक्षण गर्न सक्छ । शिल्पीका लागि बनेका कार्यक्रमको प्रभाव मापन गर्न सक्छ । यसरी संस्था सेवा वितरण गर्ने संरचनाबाट निगरानी र नीति प्रभाव पार्ने संस्थामा बदलिन्छ ।

स्थानीय अर्थतन्त्रसँग जोडिएको संगठन अझ प्रभावकारी हुन्छ । गाउँ, नगर र जिल्लामा शिल्पीका उत्पादन केन्द्र, सहकारी, साझा उपकरण केन्द्र, तालिम केन्द्र र बजार सञ्जाल बनाउन सकिन्छ। महिला समूह र युवा उद्यमलाई विशेष प्रोत्साहन दिन सकिन्छ । परम्परागत सीपसँग आधुनिक व्यवस्थापन जोडिएमा साना उत्पादन केन्द्र रोजगारी र स्थानीय आयका आधार बन्न सक्छन् ।

परम्परागत डिजाइन, ढाँचा, प्रविधि र सांस्कृतिक प्रतीकको व्यावसायिक प्रयोग बढ्दै जाँदा बौद्धिक सम्पत्तिको प्रश्न पनि महत्त्वपूर्ण हुन्छ। समुदायको मौलिक ज्ञान अरूले प्रयोग गरेर लाभ लिन्छन् । तर, शिल्पीले स्वामित्व नपाउने अवस्था दोहोरिनु हुँदैन । त्यसैले परम्परागत ज्ञानको अभिलेखसँगै यसको सामुदायिक स्वामित्व, भौगोलिक संकेत, ब्रान्ड र अन्य सम्भावित कानुनी संरक्षणबारे अध्ययन आवश्यक छ।

यसले शिल्पीलाई केवल उत्पादनकर्ता होइन, ज्ञानको अधिकारधारी बनाउँछ । आर्थिक मूल्य र सांस्कृतिक मूल्यबीच सन्तुलन राख्न सकिन्छ । परम्परागत ज्ञानलाई आधुनिक बजारमा लैजाँदा समुदायको सहमति र लाभको बाँडफाँट सुनिश्चित गर्नुपर्छ ।

**भविष्यको नेतृत्व दृष्टि**

अबको नेतृत्वले विगतको पीडा सम्झेर मात्र पुग्दैन । भविष्यको नक्सा पनि बनाउनुपर्छ । आगामी दस वर्षमा कति शिल्पी उद्यमी बनाउने ? कति हराउँदै गरेका सीप पुनर्जीवित गर्ने? कति युवालाई तालिम दिने ? कति महिलालाई निर्णयकारी नेतृत्वमा ल्याउने ? कति उत्पादनलाई राष्ट्रिय बजारमा पुऱ्याउने ? यस्ता मापनयोग्य लक्ष्य आवश्यक छन् ।

लक्ष्यबिनाको राजनीति नारामा सीमित हुन्छ । सूचकसहितको राजनीति परिणाममुखी हुन्छ । त्यसैले समुदायले आफ्नो दीर्घकालीन विकास दृष्टिपत्र बनाउनुपर्छ । त्यसमा शिक्षा, शिल्प, उद्यम, संस्कृति, अनुसन्धान, डिजिटल प्रविधि, सामाजिक न्याय र राजनीतिक प्रतिनिधित्वलाई एउटै योजनामा जोड्नुपर्छ । यस्तो दृष्टिपत्र राजनीतिक दलका घोषणापत्रभन्दा बाहिर पनि समुदायको स्थायी दस्तावेज बन्न सक्छ ।

संघर्ष केवल विरोध होइन । विकल्प निर्माण पनि संघर्ष हो । इतिहास खोज्नु, ज्ञान जोगाउनु संघर्ष हो । नयाँ उद्यम खोल्नु, छोराछोरीलाई सीप र उच्च शिक्षा दुवै दिनु संघर्ष हो । सार्वजनिक संस्थामा जवाफदेहिता माग्नु संघर्ष हो । आफ्ना प्रतिनिधिलाई प्रश्न गर्नु पनि संघर्ष हो । यसरी संघर्ष जीवन निर्माणको निरन्तर प्रक्रिया बन्छ ।

रैथाने शिल्पी समुदायको भविष्य राज्यको सदाशयतामा मात्र निर्भर रहन सक्दैन । राज्य उत्तरदायी हुनुपर्छ । राजनीतिक दल जवाफदेही हुनुपर्छ । तर, समुदाय स्वयं पनि संगठित र रणनीतिक हुनुपर्छ । इतिहासलाई स्मृतिमा मात्र होइन, अनुसन्धानमा बदल्नुपर्छ । पहिचानलाई गौरवमा बदल्नुपर्छ ।

शिल्पलाई अर्थतन्त्रमा बदल्नुपर्छ । संस्कृतिलाई जीवित सम्पदामा बदल्नुपर्छ । संख्यालाई संगठनमा बदल्नुपर्छ । संगठनलाई ज्ञानमा बदल्नुपर्छ । ज्ञानलाई नीतिमा बदल्नुपर्छ । सीपलाई उत्पादनमा बदल्नुपर्छ । उत्पादनलाई स्वामित्वमा बदल्नुपर्छ। प्रतिनिधित्वलाई निर्णयकारी प्रभावमा बदल्नुपर्छ । यही रूपान्तरणले दशकौँको संघर्षलाई परिणाममा बदल्न सक्छ ।

रैथाने शिल्पी समुदायको समस्या संघर्षको कमी होइन । संघर्षलाई स्थायी सामाजिक, आर्थिक र राजनीतिक शक्तिमा रूपान्तरण गर्ने संस्थागत क्षमताको कमी हो । अब आन्दोलनको अर्को चरण सडकमा मात्र होइन, इतिहासको पुनर्लेखन, शिल्पको पुनर्जीवन, ज्ञानको उत्पादन, उद्यमको विस्तार, संगठनको सुदृढीकरण र निर्णय प्रक्रियामा प्रभाव निर्माणमा देखिनुपर्छ ।

**निष्कर्ष**

रैथाने शिल्पी समुदायको मुक्ति केवल प्रतिनिधित्व प्राप्त गर्ने वा अर्को कथित उच्च पहिचान ग्रहण गर्ने प्रक्रियाबाट सम्भव हुँदैन । वास्तविक मुक्ति आफ्नै मौलिक पहिचान, ज्ञानसीप, श्रम, संस्कृति र इतिहासलाई सम्मानका साथ पुनःस्थापित गर्नु हो ।

समानता कसैभन्दा माथि पुगेर प्राप्त हुँदैन । सबैलाई बराबर मान्ने सामाजिक संरचना निर्माण गरेर प्राप्त हुन्छ । त्यसैले अब रैथाने शिल्पी समुदायको आन्दोलनले पीडा र उत्पीडनको इतिहाससँगै योगदान, सिर्जना र सम्भावनाको इतिहास पनि अघि सार्नुपर्छ ।

इतिहासलाई स्मृतिबाट अनुसन्धानमा, पहिचानलाई गौरवमा, शिल्पलाई अर्थतन्त्रमा, संस्कृतिलाई जीवित सम्पदामा, संख्यालाई संगठनमा, संगठनलाई ज्ञानमा, ज्ञानलाई नीतिमा, सीपलाई उत्पादनमा र प्रतिनिधित्वलाई निर्णयकारी प्रभावमा रूपान्तरण गर्नुपर्छ ।

यही रूपान्तरणले मात्र दशकौँको संघर्षलाई स्थायी परिणाममा बदल्न सक्छ । यही बाटोले रैथाने शिल्पी समुदायलाई पीडित र उपेक्षित समुदायको सीमित परिचयबाट माथि उठाउँछ । आनुवंशिक ज्ञान प्रणाली, श्रम, सीपकला, संस्कृति र सिर्जनामा आधारित शक्तिशाली समुदायका रूपमा पुनःपरिभाषित गर्न सक्छ ।

रैथाने शिल्प-हस्तकला केवल विगतको स्मृति होइन । यो शिल्प (मानव) सभ्यताको आधार, वर्तमानको सम्भावना र भविष्यको शक्ति हो । रातोपाटीबाट

# बूढीगण्डकी र थेराङ .....

नरहेकाले यात्रामा रोक लगाइएको हो ।

प्रशासनले यात्रा तयारीमा रहेका तथा यात्रामा रहेका सबैलाई अर्को सूचना प्रकाशित नभएसम्म मनास्लु पदमार्ग र लार्केपासतर्फ यात्रा नगर्न आग्रह गरेको छ। प्रशासनले जोखिमपूर्ण क्षेत्रमा थप क्षति हुन सक्ने भएकाले स्थानीय तथा पर्यटकलाई सतर्क रहनसमेत आग्रह गरेको छ ।

बाढीले सडक तथा पदमार्गसँगै विद्युत् र सञ्चार पूर्वाधारमा समेत क्षति पुऱ्याएपछि नाम्रुङमा तत्काल उद्धार, राहत र वैकल्पिक आवतजावतको व्यवस्था गर्नुपर्ने अवस्था देखिएको छ। स्थानीयले पुल पुनर्निर्माण तथा विद्युत् सेवा तत्काल सञ्चालनका लागि सम्बन्धित निकायले पहल गर्न माग गरेका छन् । दुर्गम हिमाली क्षेत्रमा बाढीले एकैपटक यातायात, ऊर्जा र पर्यटन पूर्वाधारमा क्षति पुऱ्याएपछि चुमनुब्रीवासीका लागि तत्काल राहतसँगै दीर्घकालीन पुनःस्थापनाको चुनौती थपिएको छ ।

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास नगरपालिका-२, दमौली तनहुँ
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८
सम्बन्धित बिरामीले विशेषज्ञ चिकित्सकद्वारा उपचार सेवा लिनुहोस
भदौ २७ गते शनिबार

प्रोफेसर डा. जय बहादुर खत्री
वरिष्ठ स्नायु, मानसिक, नशा तथा लागुऔषध रोग विशेषज्ञ
(Manipal Teaching Hospital, Pokhara)
स्वास्थ्य परीक्षण तथा उपचार गरिने प्रमुख रोगहरु र लक्षणहरु:
१. मानसिक स्वास्थ्य सम्बन्धी समस्या:
- अत्यधिक तनाव, चिन्ता वा डर लाग्ने समस्या
- निद्रा नलाग्ने, बारम्बार झस्किने
- डिप्रेसन (अवसाद), एक्लोपन, निराशा
- अत्यधिक रिस उठ्ने वा आफैंलाई क्षति पुऱ्याउने सोच
२. स्नायु (Neurology) सम्बन्धी समस्या:
- झट्का लाग्ने (Epilepsy/Seizures)
- हातखुट्टा कमजोर वा चल्न नसक्ने - मस्तिष्क पक्षघात (Stroke)
- स्मरण शक्ति गुम्ने, बोली गडबड हुने
- पार्किन्सन, टाउको दुखाइ, चक्कर आदि
३. नशा र लागुऔषध दुर्व्यसन सम्बन्धी समस्या:
- मदिरा, चुरोट, गाँजा, ब्राउन सुगर, ट्याब्लेट आदिको लत
- नशा नपाउँदा बेचैनी, कम्पन, पसीना आउने
- नशा छोड्न कठिनाइ, बारम्बार प्रयत्न असफल हुने
- पुनःस्थापना र मनो-सामाजिक परामर्श आवश्यक पर्ने अवस्था
- समयमै जाँच गरौं, स्वस्थ मानसिकता र जीवनशैली अपनाऔं।
- शरीरको मात्र होइन, मनको पनि उपचार आवश्यक छ।
हाम्रा उपलब्ध सेवाहरू :
१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा ।



भञ्ज्याङ पब्लिकेशन प्रा.लि.
दमौली, तनहुँ । फोन : ०६५-५६३९०७
Email : bhanjyangdml@gmail.com,
www.bhanjyangnews.com

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९
२०८३ भदौं २२ गते सोमबार
September 07, 2026

# तनहुँका बेपत्ताको खोजीमा डिएनए परीक्षण

## भोटेकोशी बाढीमा सम्पर्कविहीनको पहिचान सुनिश्चित गर्न परिवारजनबाट नमुना संकलन सुरू

**भञ्ज्याङ समाचारदाता**/तनहुँ

गत भदौ १० गतेको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीमा परी तनहुँबाट बेपत्ता भएका नागरिकको खोजी तथा पहिचानलाई वैज्ञानिक विधिबाट टुङ्गोमा पुऱ्याउन डिएनए परीक्षण प्रक्रिया अघि बढाइएको छ । बाढी प्रभावित क्षेत्रमा खोजीका क्रममा भेटिन सक्ने शवको पहिचान सहज बनाउन जिल्ला प्रशासन कार्यालय तनहुँले बेपत्ता नागरिकका परिवारजनबाट डिएनए नमुना संकलन सुरू गरेको हो ।

बाढी प्रभावित क्षेत्रमा भेटिएका वा भविष्यमा फेला पर्न सक्ने शवको पहिचानमा कठिनाइ हुन सक्ने भएकाले प्रशासनले बेपत्ताका नजिकका नातेदारको डिएनए परीक्षण गर्ने प्रक्रिया अघि बढाएको जनाएको छ । विशेषगरी बुवाआमा तथा दाजुभाइबाट नमुना संकलन गरी शवसँग मिलान गर्ने तयारी गरिएको छ । प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीका अनुसार बेपत्ता नागरिकको पहिचान सुनिश्चित गर्न वैज्ञानिक विधि अपनाउँदै परिवारजनबाट डिएनए नमुना संकलन थालिएको हो।

"बाढी प्रभावित क्षेत्रमा भेटिन सक्ने शवको छिटो र सही पहिचानका लागि वैज्ञानिक विधि अपनाउन डिएनए परीक्षणको काम अघि बढाइएको हो", उनले भने, "यसका लागि तोकिएका परिवारजनलाई डिएनए नमुना संकलनका लागि जिल्ला प्रशासन कार्यालयमा सम्पर्क गर्न सूचित गरिसकिएको छ ।"

प्रशासनले मानवीय संवेदनालाई ध्यानमा राख्दै बेपत्ता नागरिकको नाम तथा व्यक्तिगत विवरण सार्वजनिक नगरी सम्बन्धित परिवारलाई व्यक्तिगत रूपमा जानकारी गराएर परीक्षण प्रक्रियामा सहभागी गराएको छ । तोकिएको समयमा जिल्ला प्रशासन कार्यालयमा उपस्थित भई डिएनए नमुना उपलब्ध गराउन प्रशासनले बेपत्ताका परिवारजनलाई आग्रह गरेको छ ।

**३३ सम्पर्कविहीन, नौ परिवारको सम्पर्कमा**



जिल्ला प्रशासन कार्यालय तनहुँका अनुसार भोटेकोशी बाढीपछि प्रभावित क्षेत्रमा पुगेका जिल्लावासीको अवस्था खोजी गर्ने क्रममा ३३ जना सम्पर्कविहीन रहेको विवरण प्राप्त भएको थियो। खोजी तथा समन्वयका क्रममा नौ जना परिवारको सम्पर्कमा आइसकेको पुष्टि भएको छ । हाल २४ जना तनहुँवासी अझै बेपत्ता रहेको प्रशासनले जनाएको छ ।

बाढी प्रभावित क्षेत्रमा रोजगारी, व्यापार तथा भ्रमणका क्रममा पुगेका जिल्लावासी लामो समयदेखि परिवार तथा आफन्तको सम्पर्कमा नआएपछि प्रशासनले उनीहरूको खोजीलाई प्राथमिकतामा राखेको हो । प्रमुख जिल्ला अधिकारी तिवारीले बेपत्ता नागरिकको खोजीलाई पहिलो प्राथमिकतामा राखेर सम्बन्धित जिल्लाका सुरक्षा निकायसँग निरन्तर समन्वय भइरहेको बताए ।

उनले भने, "हाल २४ जना नागरिक अझै बेपत्ता हुनुहुन्छ । उहाँहरूको खोजीका लागि भोटेकोशी क्षेत्रका सम्बन्धित जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलसँग निरन्तर समन्वय भइरहेको छ ।"

**त्रिशूली किनारमा खोजी तीव्र**

बाढीले बेपत्ता व्यक्तिलाई नदीको बहावले तल्लो तटीय क्षेत्रमा बगाएर ल्याउन सक्ने सम्भावनालाई ध्यानमा राख्दै तनहुँमा समेत खोजीको दायरा फराकिलो पारिएको छ । आँबुखैरेनी गाउँपालिका र देवघाट गाउँपालिका क्षेत्र हुँदै बग्ने त्रिशूली नदी किनारमा सुरक्षाकर्मी तथा स्थानीयवासीको सहयोगमा खोजी भइरहेको प्रशासनले जनाएको छ ।

भोटेकोशी हुँदै त्रिशूली नदीमा आएको बाढीको बहाव र त्यसले बगाएर ल्याउन सक्ने सम्भावित शव तथा मानिसको अवस्थालाई ध्यानमा राखेर नदी किनारका जोखिमयुक्त तथा सम्भावित स्थानमा निगरानी बढाइएको छ । बाढी गएको लामो समय बितिसक्दा पनि परिवारसँग सम्पर्कमा नआएका नागरिकको खोजीमा प्रशासनले सम्बन्धित जिल्लाका सुरक्षा निकाय, स्थानीय तह र परिवारजनसँग समन्वय गरिरहेको छ।

**शव पहिचानमा नयाँ चुनौती**

बाढीपहिरो तथा नदीजन्य विपद्मा शवको अवस्था बिग्रिन सक्ने, परिचय खुल्ने सामग्री छुट्टिन सक्ने वा शव अन्य जिल्लाको नदी किनारमा पुग्न सक्ने भएकाले पहिचान प्रक्रिया जटिल बन्ने गरेको छ। यस्तो अवस्थामा डिएनए परीक्षणले शवको वैज्ञानिक पहिचान गर्न महत्वपूर्ण आधार प्रदान गर्ने प्रशासनको विश्वास छ । प्रशासनले सम्भावित शव भेटिएमा तत्काल पहिचान गर्न सकिने गरी बेपत्ता व्यक्तिका परिवारजनको डिएनए नमुना सुरक्षित राख्ने प्रक्रिया अघि बढाएको हो ।

यससँगै नदी तटीय क्षेत्रमा जारी खोजी कार्यलाई पनि निरन्तरता दिइएको छ। बेपत्ता नागरिकका परिवारजन भने आफ्ना आफन्तको अवस्था पत्ता लाग्ने आशामा खोजी र पहिचान प्रक्रियाको परिणाम पर्खिरहेका छन् । बाढीबाट सिर्जित मानवीय संकटमा बेपत्ताको खोजी मात्र नभई फेला परेका शवको सही पहिचान र परिवारसम्म पुऱ्याउने कार्यसमेत चुनौतीपूर्ण बनेकाले डिएनए परीक्षणलाई महत्वपूर्ण कदमका रूपमा हेरिएको छ ।

# विपद् घटाउन जलाधार .....

क्रममा जमिनमा कङ्क्रिटको प्रयोग बढ्दै जाँदा पानी जमिनभित्र सोसिने प्राकृतिक प्रक्रिया प्रभावित भएको कार्यालयको भनाइ छ। पानी जमिनमा सोसिन नपाई छोटो समयमा खोलानालामा पुग्दा सतही बहाव बढ्ने र आकस्मिक बाढीको जोखिम निम्तिने गरेको कार्यालयले जनाएको छ ।

जलाधार संरक्षणका क्रममा प्रकृतिमा आधारित उपायलाई प्राथमिकता दिनुपर्ने पौडेल बताउनुहुन्छ। बाँस, अम्रिसो, नेपियरलगायत स्थानीय वनस्पतिको प्रयोगबाट भूक्षय नियन्त्रण गर्न सकिने भए पनि संरक्षणका काममा सिमेन्ट तथा ग्याबियन संरचनामा बढी निर्भर हुने प्रवृत्ति रहेको उहाँको भनाइ छ। "सबै ठाउँमा सिमेन्ट र ग्याबियनबाट मात्रै संरक्षण सम्भव हुँदैन", पौडेलले भने, "स्थानीय भूगोल र प्रकृतिअनुकूल वनस्पति तथा अन्य जैविक प्रविधिको प्रयोगलाई पनि प्राथमिकता दिनुपर्छ।"

**२०५ मध्ये १९४ योजना सम्पन्न**

सीमित स्रोतसाधनका बाबजुद भू तथा जलाधार व्यवस्थापन कार्यालयले गत आर्थिक वर्षमा उल्लेख्य संख्यामा योजना सम्पन्न गरेको छ । कार्यालयका अनुसार गत आर्थिक वर्षमा सञ्चालन गरिएका २०५ योजनामध्ये १९४ योजना सम्पन्न भएका छन् । सम्पन्न योजनामध्ये ५८ स्थानमा पहिरो नियन्त्रण, ६७ स्थानमा खोला किनार संरक्षण र २५ स्थानमा बस्ती संरक्षणका काम भएका छन्। त्यस्तै १८ वटा पोखरी निर्माण तथा पाँच स्थानमा पानीका मुहान संरक्षणका कार्यक्रम सम्पन्न गरिएको कार्यालयले जनाएको छ। यी कार्यक्रममार्फत कुल २८३ दशमलव २ हेक्टर क्षेत्रफलमा भू-संरक्षण गरिएको कार्यालयको तथ्यांक छ । कार्यालयले सञ्चालन गर्ने यस्ता कार्यक्रमले तत्काल देखिने भौतिक संरचना निर्माण मात्र नभई भूक्षय नियन्त्रण, पानीको पुनर्भरण, मुहान संरक्षण र बाढीको बहाव व्यवस्थापनमा समेत योगदान पुऱ्याउने जनाएको छ ।

**टुक्रे योजनाभन्दा एकीकृत जलाधार योजना**

विपद् न्यूनीकरणका लागि ठाउँ-ठाउँमा टुक्रे योजना सञ्चालन गर्नुभन्दा जोखिमयुक्त जलाधार पहिचान गरी माथिल्लोदेखि तल्लो तटीय क्षेत्रसम्म एकीकृत योजना बनाएर संरक्षण गर्नुपर्ने पौडेलको सुझाव छ। जलाधार संरक्षण, वन संरक्षण, सडक निर्माण, बस्ती विकास र पानीको निकास व्यवस्थापनलाई छुट्टाछुट्टै विषयका रूपमा हेर्दा विपद्को जोखिम घटाउन कठिन हुने उनि बताउँछन्।

"ठूला जलाधारलाई एउटै योजनामा राखेर माथिल्लोदेखि तल्लो तटीय क्षेत्रसम्म एकीकृत रूपमा संरक्षण गर्न आवश्यक छ", पौडेलले भने, "यसका लागि जलाधार हेर्ने कार्यालयको संरचना र स्रोतसाधन पनि आवश्यकता अनुसार विस्तार गर्नुपर्छ ।" हाल एउटै कार्यालयले छ जिल्लाको ठूलो भौगोलिक क्षेत्र हेर्नुपर्ने भएकाले नियमित अनुगमन, जोखिम पहिचान र संरक्षणका काम प्रभावकारी रूपमा सञ्चालन गर्न कठिनाइ हुने उनले बताए । कम्तीमा दुई जिल्ला बराबर एउटा जलाधार व्यवस्थापन कार्यालय रहने गरी संरचना विस्तार गर्न सके जोखिमयुक्त क्षेत्रको नियमित अनुगमन तथा संरक्षणका कामलाई प्रभावकारी बनाउन सकिने उनको सुझाव छ।

पछिल्ला बाढीपहिरोका घटनाले विकास निर्माणका क्रममा जोखिम मूल्यांकन र वातावरणीय संरक्षणलाई सँगसँगै अघि बढाउनुपर्ने आवश्यकता थप स्पष्ट पारेको छ । सडक, भवन तथा अन्य पूर्वाधार निर्माणलाई जलाधारको प्राकृतिक संरचनासँग अलग गरेर हेर्दा भविष्यमा त्यही विकास संरचना नै विपद्को जोखिम बढाउने कारण बन्न सक्ने भएकाले विकासको प्रारम्भिक चरणदेखि नै जलाधार संरक्षणलाई समेट्नुपर्ने देखिएको छ ।

जलाधार संरक्षणमा गरिने खर्चलाई विकासको अतिरिक्त लागतका रूपमा नभई विपद् न्यूनीकरणमा गरिने पूर्वलगानीका रूपमा लिनुपर्ने आवश्यकता पछिल्ला घटनाले देखाएको छ। विपद् आएपछि राहत र पुनर्निर्माणमा ठूलो रकम खर्च गर्नुभन्दा जोखिमअघि नै जलाधार, भू-संरचना र प्राकृतिक निकास प्रणालीको संरक्षण गर्न सके जनधनको क्षति उल्लेख्य रूपमा घटाउन सकिने विज्ञहरूको निष्कर्ष छ ।


## औषधिको जथाभावी प्रयोग नगरौं

- चिकित्सकको सल्लाहबिना औषधि सेवन नगरौं,
- चिकित्सकले तोकेको मात्रा र अवधि बमोजिम औषधि सेवन गरौं,
- रुघाखोकी, फ्लु वा भाइरल संक्रमणमा आफूखुशी औषधि प्रयोग नगरौं,
- अरूका लागि लेखिएको औषधि आफैं जथाभावी प्रयोग नगरौं,
- म्याद नाघेको औषधि प्रयोग नगरौं/नगराऔं,
- औषधिको सुरक्षित र जिम्मेवारपुर्वक प्रयोग गरी/गराई आफ्नो र परिवारको स्वास्थ्य संरक्षण गरौं।

औषधिको अनावश्यक प्रयोगले स्वास्थ्यमा गम्भिर असर पर्न सक्छ।
तसर्थ, चिकित्सकको सल्लाहअनुसार मात्र औषधिको प्रयोग गरौं/गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## facebook twitter



**Narayan Gaunle**
facebook.com/ngaunle

यस्तो भयानक त्रासदी र विपत्तिमा समेत हामीलाई आफ्नो ईगोको मात्रै चिन्ता हुनु र सामान्य मानवीयतासमेत नहुनु दुर्भाग्यपूर्ण छ !

सिङ्गो विश्व अझै स्तब्ध छ। नेपाल अझै हेडलाइनमै छ । यत्रो दिनदेखि माटो र हिलोमुनिबाट जादूझैं लाग्ने गरी उद्धार गरिएका जीवनहरूको सिङ्गो विश्वले 'सेलिब्रेट' गरेको छ । सँगै उद्धारका लागि पहिलो दिनदेखि नै आर्तनाद गरिरहेका आफन्तको आँसुसँगै सिङ्गो विश्व दुःखेको पनि छ ।

तर हामी न कसैको जीवनमा उत्सव मनाउँदै छौं न पीडितहरूको घाउमा दुख्दै छौं । हाम्रो मगजमा ईगो छ, राजनीति छ, घृणा छ, ईर्ष्या छ, विद्वेष छ र कसौलाई गिराउने या उठाउने स्पर्धा छ !

दश-एघार दिनपछि केही जीवनको सकुशल उद्धार भयो । सबै खुशी भयौं । यी उद्धार कार्य कति जटिल, खतरापूर्ण र कठीन छन् भन्ने फेसबुकमा बसेर मात्रै थाहा हुँदैन । आफ्नो ज्यान नै खतरामा राखेर उद्धारमा खटिनेहरु पनि छन् । तिनलाई सबैले खुलेर धन्यवाद भनेका छन् । आशीर्वाद दिएका छन् !

तर सँगसँगै पीडादायी पक्ष भनेको के हो भने यो उद्धार विपत्तिको भोलिपल्ट, पर्सिपल्ट नभई दश दिनपछि भएको हो । कम्तिमा हरेक टनेलमा एकैसाथ उद्धार कार्य गर्न सकिएको भए अझ बढी जीवन बचाउन सकिन्थ्यो कि, हरेक घरका भग्नावेशसम्म समयमैं पुग्न सकेको भए थप खुशीका खबर आउने थिए कि भन्ने पनि धेरैलाई लागेको हो ! यस्तो लाग्नु कुनै अपराध होइन ।

टनेलमा आफ्नो बुबा र श्रीमान् पुरिएको भन्दै उद्धार गरिदिन कैयौं छोरी र श्रीमतीहरूले हप्ता दिनसम्म आँसुको खोलो बगाएका भिडियो छन् । मिडियादेखि जनप्रतिनिधिसम्मले सुरूकै दिनदेखि हारगुहार र दबाब सिर्जना गरेका पनि छन् । टनेलसम्म पुग्न ढिलाइ भएको भन्दै सरकारलाई आलोचना गर्ने र घचघच्याउनेहरु पनि छन् । त्यहाँ जीवन गडेको छ र उद्धार सम्भव छ भन्दै सबै साधनस्रोत र ध्यान त्यता पुर्याउन धेरैको योगदान छ । दुःखका साथ भन्नुपर्छ, अझै पुग्न नसकिएका टनेल पनि छन् ।

यत्रो दिनसम्म आफ्ना प्रियहरूको उद्धार पर्खेर बस्दा कसको मन छियाछिया नहोला ? आफ्नो बुबा टनेलमुनि फसेको छ भन्ने शंका र जीवनको धमिलो आशा बोकेकी छोरीलाई आजसम्म हामी त्यहाँ पुग्न नसक्दा कस्तो पीडा होला ? कति आत्रोश होला ? तिनले पीडा र आक्रोश कसलाई सुनाउने? सरकारलाई नै होइन र ? यत्रो विपत्ति र मानवीय क्षतिमा प्रसंशामात्रै हुन्छ र ? पीडित हुनेको आक्रोश हुँदैन ? सरकार भनेको व्यक्ति हो र ?

हेर्नुस् त हाम्रो विवेक ! ती पीडामा, ती घाउमा कति तुच्छ, कति अश्लील र कति नीच कमेन्ट गरेका छौं हामीले ! कति निकृष्ट र विवेकहीन बन्न सकिएको होला ! अनि थप केही पनि छौं, जसले बालेनका कविताको बाढीलाई यस्तो मानवीय संकटसँग जोडेर ईगोको तुष्टीकरण गरिरहेका छौं ।

यो बाढी होइन, महाविपत्ति हो । जादू होइन, सरकार हो । सीमा छन् । केही स्रोतसाधन र दक्षताका सीमा छन् केही भौगोलिक सीमा छन् । विश्वका शक्तिशाली र सम्पन्न देशसँग पनि सीमा हुन्छन् । हामीले गर्दै नगरेको होइन ! यस्तो बेला सकेको सबैले गर्छन् र गरिरहेका पनि छन् । तर यसभन्दा बढी गर्न सकिन्थ्यो कि, यसभन्दा छिटो गर्न सकिन्थ्यो कि, यसभन्दा राम्रोसँग गर्न सकिन्थ्यो कि भन्ने प्रश्न जहिले पनि उठ्छ । अहिले पनि उठेको छ !

थोरै होला तर जति स्रोतसाधन छ त्यो सरकारसँगै छ। जति हेलिकप्टर छन्, सरकारकै नियन्त्रणमा छन्। जति सूचना र पहुँचका बाटा छन्, ती सरकारसँगै छन् । सेना र प्राविधिक सरकारसँगै छ । विश्वभरबाट सरकारकै खातामा सहयोग जुटेको छ । राहत सामग्री सेनाकै ब्यारेकमा छन् । ड्रोन उडाउनेदेखि टनेलसम्म पुग्ने अनुमति पनि सरकारले नै रोक्ने या दिने हो । यस्तोमा प्रसंशा या आक्रोश पनि सरकारमाथि नै जाने हो ! एउटा सैनिकले जीवन नै दाउमा राखेर उद्धार गरे पनि धन्यवाद सरकारले नै पाउने हो । रसुवागढीमा गडेको आफन्तको उद्धार अझै हुन नसक्दा गाली पाउने पनि सरकारले नै हो । सफलतामात्रै छैन, असफलता पनि छन् । ती सबै सरकारको हो ।

सरकारमै हुनुहुन्छ भने त टिप्पणी या आलोचनाको जवाफ दिनु तपाईंको कर्तव्य हो ! राम्रो काम हो । तर आमा बिरामी हुँदा अस्पतालमा बेड पाउन 'चिनेको ठूलो मान्छे'लाई भनसुन गर्न पर्ने ठाउँको मान्छेले पनि पीडितले सरकारमाथि पोख्ने आक्रोशको जवाफ दिनुपर्छ भन्ने हुँदैन ।

बरू, जति गर्न सकिएको छ त्यसमा धन्यवाद र खुशी व्यक्त गर्दै गर्न नसकिएका र मलम लगाउन नसकिएका घाउ र पीडितहरूसँग विनम्र भएर राज्यको तर्फबाट माफी माग्ने सल्लाह दिनुहोस् । व्यक्तिगत कमजोरीको कुरो होइन, ईगोको विषय होइन । यो राज्यको कमजोरी हो । हाम्रो गरिबीको कमजोरी होला, अनुभव र दक्षताको कमजोरी होला, साधनस्रोतको कमजोरी होला, कति मानवीय र शासकीय कमजोरी पनि होला। यी सबैको संस्थागत जिम्मेबारी सरकारकै हो! यो दुःखको समय हो । दुःखीसँग सहानुभूति राख्न सकिन्न भने पनि तिनलाई गिज्याउने, गाली गर्ने, मजाक बनाउने अनि संस्कार र विवेकहीनता प्रदर्शन गर्ने समय होइन !

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४